श्री

# नवलपुर जिल्ला अदालत


काबासोती, नवलपरासी (ब.सु.पू)

(तहसिल शाखा)

प.सं. : ०८१/०८२

च.नं. : २५६२

फोन नं. ०७८-५४०४१२

ईमेल: tahasil.dcnawalpur@supremecourt.gov.np


बिगो न-१६७

मितिः- २०८१/०९/२८

ने.स-११४५ पोहेलाथ्व १४ आईतवार

विषय- लिलामको सूचना/म्याद टाँस गरि पठाइदिने सम्बन्धमा।

श्री हुप्सेकोट गाउँपालिका,
गाउँ कार्यापालिकाको कार्यालय ।
नवलपरासी(ब.सु.पु)।

उपरोक्त सम्बन्धमा वादी झुमिसरा गाहा तथा नर बहादुर गेलाङ समेत जना-३ भएको लेनदेन (०७७-CP-०७०१, विगो-१६७) मुद्दामा वादीले दावी लिएको तपशिलको प्रतिवादी/जग्गाधनीको जेथाको मिति २०८१/११/०५ मा पहिलो लिलाम हुने भएकोले लिलामी म्याद-१ प्रति यसै पत्रसाथ संलग्न राखी पठाईएको छ। पत्र प्राप्त भएपछी उक्त सुचना नियमानुसार तहाँ कार्यालयको सूचनापाटिमा टाँस गरी सोको जानकारी यस अदालतमा पठाइदिनु हुन अनुरोध छ।

२०८१/०९/२८

..............

तहसिलदार

तहसिलदार
(शाखा अधिकृत)

## तपसिल

१-मानसिंह मगर ------------------------------------------------------------।

२-नरबहादुर गेलाङ मगर ---------------------------------------------------।

३-थर्क बहादुर गेलाङ मगर -------------------------------------------------।

४.प्रेम कुमारी गेलाङ --------------------------------------------------------।

पुनश्चः पत्राचार गर्दा विगो नं.- अनिवार्य लेखिदिनुहुन अनुरोध छ।

नवलपुर जिल्ला अदालत
कावासोती
२०७४

# नवलपुर जिल्ला अदालतवाट जारी भएको

## लिलाम बढाबढको सूचना ।

तहसिल शाखा (विगो दा.नं.-१६७)

वादी दरखास्तवाला जिल्ला नवलपरासी(ब.सु.पु) हुप्सेकोट गाउँपालिका वडा नं.-३ टाँडिखर्क बस्ने लाल बहादुर बाह्रघरेको नातीनी दुर्गा सिं को छोरी बर्ष २८ को झुमिसरा गाहा र प्रतिवादी जिल्ला नवलपरासी (ब.सु.पु) हुप्सेकोट गाउँपालिका वडा नं.-३ चौरङ्गी चार डाँडाटोल बस्ने श्रीलाल गेलाङको नाती, मान सिं गेलाङको छोरा बर्ष ३९ को नर बहादुर गेलाङ्ग मगर -१,ऐ.ऐ थर्क बहादुर गेलाङ्ग मगर-१ र ऐ ऐ बस्ने नर बहादुर गेलाङको श्रीमती बर्ष ३२ की प्रेम कुमारी गेलाङ्ग -१ गरि जना-३ भएको लेनदेन (०७७-cp-०७०१, विगो-१६७) मुद्दामा नवलपुर जिल्ला अदालतको मिति २०७८/०९/२५ को फैसला बमोजिम वादीले प्रतिवादीहरुबाट सावाँ रु.५,००,०००/-(पाँच लाख रुपैया) र अदालती शुल्क रु.११,५००/- गरी जम्मा बिगो रकम रु.५,११,५००/-(पाँच लाख एघार हजार पाँच सय रुपैया) प्रतिवादीहरुले वादीलाई नबुझाएको तथा यस अदालतमा समेत बुझाउन नल्याएकोले बिगो भरापाउन वादीले प्रतिवादीको तपशिल बमोजिमको जाय जेथा देखाई उक्त जेथाबाट विगो भराई पाउँ भनी दरखास्त दिनुभई कार्यान्वयनको क्रममा <u>पहिलो</u> पटक मिति २०८१/११/०५ गते यस अदालतमा तपशिल बमोजिमको सम्पत्ती डाँक लिलाम बोलकबोल हुने भएकोले डाँक बढाबढ गरी डाँक लिलाम सकार गर्न चाहने सर्वसाधरण सबैको जानकारीको निमित्त यो सूचना प्रकाशन गरिएको छ।

### तपसिल

१.यस अदालतको तहसिल शाखामा मिति २०८१/११/०५ गते दिनको १० बजे देखी ५ बजे सम्म डाँक लिलाम हुने भएकाले उक्त डाँक लिलाममा उपस्थित भई बोलकबोल गर्न सकिनेछ।

२.डाँक लिलाम गर्न तोकिएको दिन सार्वजनिक विदा परे सोको भोलिपल्ट डाँक लिलाम हुनेछ।

३.कायम भएको न्यूनतम पन्चकृर्ते मूल्यवाट डाँक बढाबढ गर्नु पर्नेछ ।

४.डाँक लिलामको बखत बोलकवोल गरेको अङ्कको १० प्रतिशतले हुन आउने रकम सोही दिन दाखिल गर्नु पर्नेछ । बाँकी बोलकबोल रकम डाँक लिलाम भएको मितिले ७ दिनभित्र दाखिल गर्नु पर्नेछ । त्यसरी ७ दिन भित्र बाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिल भएको १० प्रतिशत रकम जफत गरी पुनः डाँक लिलामको सूचना प्रकाशन गरिनेछ ।

५.डाँक लिलाम वढावढ हुँदा सवैभन्दा बढी अङ्क बोलकबोल गर्नेलाई डाँक सकार गराइनेछ।

६.डाँक लिलाम सम्वन्धमा वुझ्नुपर्ने भए यस अदालत को तहसिल शाखामा सम्पर्क राख्नुहोला ।

७.डाँक लिलाम हुने सम्पत्तिको विवरणः-

| सि. नं | जग्गाधनीको नाम थर | जिल्ला | गा.वि.स. /न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (ज.बि). | तर्फ | डाँक बोल्नुपर्ने न्यूनतम अङ्क (प्रति कठ्ठा) |
|---|---|---|---|---|---|---|---|---|
| १ | नरबहादुर गेलाङ | न.प.( पूर्व) | देउराली | ४ख | ६७८ | ७१८.९२ ब.मी | विगोले खामे सम्मको | १४,००,०००/-(चौध लाख रुपैया |
| २. | मानसिंह मगर | न.प.( पूर्व) | देउराली | ४ख | १८० | ०-७-०-० | विगोले खामे सम्मको | ७,५०,०००/-(सात लाख पचास हजार रुपैया) |

२०८१।९।२८

तहसिलदार

ईति सम्वत् २०८१ साल पुस महिनाको २८ गते रोज १ शुभम्...............................

तहसिलदार

(शाखा